# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक ३१३ | काठमाडौं | मंगलबार, २९ फागुन २०८० | Prabhab National Daily | Tuesday, March 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## प्रधानमन्त्री बन्ने ओलीको दाउ



- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली माधव नेपाललाई मनाएर आफ्नो पार्टीलाई प्रतिनिधिसभाकै ठूलो दल बनाउने तयारीमा
- एमाले र एकीकृत समाजवादी मिल्दा प्रतिनिधिसभामा ८८ सांसद पुग्छ । अहिलेको पहिलो दल नेपाली कांग्रेसको पनि ८८ मात्र सांसद
- पहिलो दल बनेपछि एमाले दाहाल नेतृत्वको सरकारबाट बाहिरिने र विश्वासको मत नपाएको अवस्थामा संविधानको धारा ७६ (३) को सहारा लिनुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभामा दोस्रो शक्तिशाली रहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफैं प्रधानमन्त्री बन्ने दाउमा लागेका छन् । वर्तमान सरकारमा सबैभन्दा ठूलो दल भएर पनि कम प्रभावशाली मन्त्रालयहरू लिएर ओलीले यो योजनाको थालनी गरिसकेको जानकारहरू बताउँछन् ।

यसका लागि साना दल प्रयोग गरी प्रधानमन्त्री पुष्पकमल दाहाललाई घेराबन्दीमा पार्ने ओली नीति रहेको बताइन्छ । सत्ताका लागि निर्णायक मानिएका दलहरू चारतिर फर्कंदा दाहाल विश्वासको मत पाउनुअघि नै घेराबन्दीमा परेका छन् । सोमबारमात्र सत्ता सहयात्री दल राष्ट्रिय स्वतन्त्र पार्टीले उपनिर्वाचनमा आफ्नै उम्मेदवार उभ्याउने निर्णय गरेको छ । 'मिति २०८१ वैशाख १५ गते हुने इलाम जिल्ला निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा भाग लिने,' रास्वपाको निर्णयमा भनिएको छ ।

सत्तामा गठबन्धनबाहेक निर्वाचनमा गठबन्धन गर्न नहुने पक्षमा बहुमत देखिएको रास्वपाका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । 'इलाम-२ मा रास्वपाले आफ्नै उम्मेदवार उभ्याउँछ,' सहमहामन्त्री बुर्लाकोटीले भने । जबकि रास्वपा अहिलेको गठबन्धनको तेस्रो ठूलो हिस्सेदार हो ।

प्रधानमन्त्री दाहालको सरकारमा उपप्रधान तथा गृहसहित चार मन्त्रालय रास्वपाको भागमा परेको छ । यस क्षेत्रमा एमालेले आफ्नो दलको उम्मेदवारलाई जिताउने गरी प्रधानमन्त्री दाहालसँग 'लबिइङ' गर्दै छन् ।

### प्रदेश खल्बल्याउने राप्रपा नीति

यता संघमा प्रतिपक्षमा बस्ने निर्णय गरेको राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रदेश सरकारमा सहभागी हुने विकल्प खुला छाडेको छ । 'राप्रपा वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने, विपक्षमा मतदान गर्ने र विपक्षमा बस्ने निर्णय गरिएको छ,' सोमबार सम्पन्न केन्द्रीय कार्यसम्पादन समितिको बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, 'प्रदेश सरकारमा पनि तत्काल सहभागी नहुने, समर्थन गर्नुपर्ने परिस्थिति आएमा पार्टी अध्यक्षले उपयुक्त समयमा सम्बन्धित प्रदेशको परामर्श लिएर निर्णय लिने निर्णय गरिएको छ ।'

बागमती प्रदेशमा राप्रपा निर्णायक शक्तिको रूपमा रहेको छ । यहाँ राप्रपाका १३ जना सांसद छन् । राप्रपाको साथ पाए नेपाली कांग्रेस यहाँ सालिकराम जम्कट्टेललाई सरकारबाट हटाउने दाउमा लागेको छ । बागमतीको भावी मुख्यमन्त्रीका रूपमा हेरिएका कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा आफू प्रयासरत रहेको बताउँछन् ।

कोशीमा राप्रपाका छ जना प्रदेशसभा सदस्य रहेका छन् । यहाँ कांग्रेसको सहयोगमा राप्रपाका अम्बर विष्ट सभामुख बनेका छन् । अरू प्रदेशमा भने राप्रपाको उपस्थिति कमजोर छ । यद्यपि सत्ता गठबन्धनमा सहभागी पाँच दलले प्रधानमन्त्रीले विश्वासको मत लिएलगत्तै प्रदेश सरकार पुनर्गठनको तयारी गरेका छन् । राप्रपा यही मौकामा कांग्रेससँग गठबन्धन गर्ने तयारीमा लागेको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

राष्ट्रिय सभा अध्यक्ष निर्वाचन

## दाहाल–शर्मा आमनेसामने

| | |
|---|---|
| कूल मतदाता | : ५८ |
| निर्वाचित हुन चाहिने मत | : २९ |
| गठबन्धनको मत (माओवादी १७, एमाले १०, एकीकृत समाजवादी ८ र जसपा ३) | : ३८ |
| नेपाली कांग्रेसको मत | : १६ |
| अन्य (जनमोर्चा, लोसपा र बामदेव गौतम) | : ३ |




■ जेबी योञ्जन

- राष्ट्रिय सभा सदस्य आनन्दप्रसाद ढुंगानाले युवराज शर्मा र अर्का सदस्य गोपीबहादुर सार्की आछामीले नारायणप्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने छुट्टा-छुट्टै प्रस्ताव पेस गर्ने
- राष्ट्रिय सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा हुने

**काठमाडौं–** राष्ट्रिय सभा अध्यक्षको चुनाव आज हुँदै छ । चुनावमा सत्ता गठबन्धन र प्रमुख विपक्षी दल नेपाली कांग्रेसका उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ ।

सत्ता गठबन्धनबाट नेकपा माओवादी केन्द्रका सांसद नारायणप्रसाद दाहाल साझा उम्मेदवार छन् । दाहाललाई उनी आबद्ध रहेको दल नेकपा माओवादी केन्द्रसँगै, नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीको समर्थन छ । उनीसँग प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका युवराज शर्माले प्रतिस्पर्धा गर्दै छन् ।

निर्वाचनका लागि आज बिहान ११ बजेर ९ मिनेटमा राष्ट्रिय सभाको बैठक बस्ने भएको छ । संसद् सचिवालयले प्रकाशित गरेको सम्भावित कार्यसूचीअनुसार बैठकको सुरूमा कांग्रेसका राष्ट्रिय सभा सदस्य आनन्दप्रसाद ढुंगानाले आफ्ना दलका उम्मेदवार युवराज शर्मालाई सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने छन् । अर्का सदस्य गोपीबहादुर सार्की आछामीले नारायणप्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्ने कार्यतालिका छ । सभाको अध्यक्षता उपाध्यक्ष उर्मिला अर्यालले गर्ने छिन् । उनैले दुवै प्रस्तावलाई निर्णयार्थ सदनमा प्रस्तुत गर्ने छिन् ।

त्यसपछि दुवै प्रस्तावमाथि संक्षिप्त छलफल हुने छ । छलफल सकिएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सबै प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गरिने कार्यतालिकामा उल्लेख छ । उम्मेदवारको प्रस्तावको निर्णय सदस्यको दस्तखतसहितको मत विभाजनबाट हुने नियमावलीमा व्यवस्था रहेको संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले बताए । उनका अनुसार यसपछि भने राष्ट्रिय सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिने छ । जो वर्तमान संविधानअनुसार दोस्रो राष्ट्रिय सभा अध्यक्ष हुने छन् ।

हालको संसदीय अंकगणितलाई आधार मान्दा सत्ता गठबन्धनका उम्मेदवार दाहाल निर्वाचित हुने करिब निश्चित छ । निर्वाचित हुन २९ मत आवश्यक हुन्छ । तर, माओवादीका १७, एमालेका १०, एकीकृत समाजवादीका आठ र जसपाका तीन गरी ३८ जना सांसद गठबन्धनसँग छ ।

दाहालका प्रतिद्वन्द्वी शर्माको दल कांग्रेससँग १६ जनामात्रै छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सँग एक जना, जनमोर्चासँग एक जना र तत्कालीन नेकपाको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत बामदेव गौतम राष्ट्रिय सभामा छन् । सरकारको सिफारिसमा राष्ट्रपतिबाट एक जना सांसदको मनोनयन हुन बाँकी छ । त्यसैले राष्ट्रिय सभामा ५८ जना सांसद छन् । जसमध्ये ३८ जना सांसदको समर्थन दाहाललाई हुने देखिन्छ ।

सोमबार दाहालले उम्मेदवारी दर्ता गरेपछि राष्ट्रिय सभा अध्यक्षमा निर्वाचित भए पार्टीको 'हचाङओभर'भन्दा माथि उठेर सभा सञ्चालन गर्ने बताए । कानुनअनुरूप चल्नुपर्ने कुरामा मानसिक रूपमा तयार भइसकेको पनि उनको भनाइ छ । राष्ट्रिय सभालाई संविधानमा उल्लेख गरिएअनुरूपको स्तरमा पुऱ्याउन आफ्नो भूमिका हुने उनले बताए । समृद्ध नेपाल निर्माणका लागि सबै राजनीतिक दलहरूलाई एकताबद्ध बनाएर लैजाने पनि उनको भनाइ छ । तत्काल बनाउनुपर्ने कानुनहरूमा ध्यान दिइने उनले बताए ।

'पार्टीको त्यहाँ कुनै छाया आउनु भएन र हाम्रा कुनै अभिव्यक्तिहरू, हाम्रा काम कारबाहीहरू र हाम्रा व्यवहारहरू हिजो पार्टीमा हुँदाभन्दा फरक भइहाल्छ,' उनले पत्रकारहरूसँग भने, 'कानुनी रूपमा चल्नुपर्छ भन्नेमा म मानसिक रूपमा तयार छु । त्यस कारण पार्टीको हचाङओभर हुन्छ भन्ने मलाई लाग्दैन ।'

कांग्रेसका तर्फबाट राष्ट्रिय सभाको अध्यक्ष पदका उम्मेदवार शर्माले आफू निर्वाचित भए सभाको गरिमा बढाउने काम गर्ने बताएका छन् । लामो राजनीतिक यात्रा गरिसकेको, शिक्षामा पनि आफू अरूभन्दा कमजोर नभएको भन्दै संसदीय नियममा रहेर काम गर्ने बताए ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

## उत्पादनमूलकबाहेकका क्षेत्रमा यो वर्ष कामदार नलैजाने

उत्पादनमूलक क्षेत्रमा कोरिया जान आवेदन दिएका एक लाख ६३ हजार जनाको भाषा परीक्षा सकिनै एक वर्ष लाग्ने देखिएकाले कोरियाली पक्षबाट अन्य क्षेत्रमा थप कामदार लैजान नसकिने जानकारी दिएको इपिएस शाखाले जनाएको छ ।




■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियाले यस वर्ष उत्पादनमूलकबाहेक अन्य क्षेत्रमा कामदार लैजान नसकिने बताएको छ । उत्पादनमूलक क्षेत्रमा जान भाषा परीक्षाका लागि आवेदन दिएका परीक्षार्थीका कारण यस वर्ष (सन् २०२४) अन्य क्षेत्रमा भाषा परीक्षा सञ्चालन गर्न र कामदार लैजान नसकिने बताएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको हो ।

उत्पादनमूलक क्षेत्रमा कोरिया जान आवेदन दिएका एक लाख ६३ हजार जनाको भाषा परीक्षा सकिनै एक वर्ष लाग्ने देखिएकाले कोरियाली पक्षबाट अन्य क्षेत्रमा थप कामदार लैजान नसकिने जानकारी दिएको इपिएस शाखाले जनाएको छ ।

भाषा परीक्षामा सहभागी हुने परीक्षार्थीको

### कोरिया रोजगारी

संख्या ठूलो भएका कारण समय लाग्ने देखिएको भन्दै यस वर्ष अन्य क्षेत्रमा थप कामदार लैजान नसकिने जानकारीसहित औपचारिकरूपमै एचआरडी कोरियाबाट पत्र प्राप्त भएको शाखाकी निर्देशक मैयाँ कँडेलले बताइन् । 'पत्रमार्फत नै नेपालको विकल्पमा अरू क्षेत्रका लागि अन्य मुलुकबाट कामदार लैजाने जानकारी दिएका छन्,' उनले भनिन्, 'परीक्षा सकिनै समय लाग्ने देखिएकाले उनीहरूले विकल्प खोजेको देखिन्छ ।' तर यसअघि भाषा तथा सीप परीक्षण उत्तीर्ण गरेर रोस्टरमा रहेकाहरू भने कोरिया जान पाउने उनको भनाइ छ ।

शाखाले निकालेको तालिकाअनुसार उत्पादनमूलक क्षेत्रमा कोरिया जान आवेदन दिएका एक लाख ६३ हजारभन्दा बढी नेपालीहरूको भाषा परीक्षा आगामी पुस २ गतेसम्म सञ्चालन हुने छ । कोरियाले यस वर्ष उत्पादनमूलक क्षेत्रमा नेपालबाट १५ हजार ८४८ जना कामदार लैजाने कोटा निर्धारण गरे पनि भाषा परीक्षाका लागि १० गुणाभन्दा बढी आवेदन परेपछि परीक्षा सकिन झण्डै एक वर्ष लाग्ने निर्देशक कँडेलले बताइन् ।

'अहिले पहिलो चरणअन्तर्गत दैनिक २०० जनाको दरले पाँच सिफ्टमा एक हजार जनाको परीक्षा लिइरहेका छौं,' उनले भनिन्, 'आगामी मई महिनाबाट सुरू हुने दोस्रो चरणको परीक्षामा सहभागी संख्या बढाउन र छिटो परीक्षा सम्पन्न गर्न आवश्यक उपकरण र जनशक्ति थप गर्न एचआरडी कोरियालाई आग्रह गरेका छौं ।'

भाषा परीक्षाकै लागि एक वर्ष लाग्ने भएका कारण अन्य विकल्पको खोजी गर्न पनि कोरियाली पक्षले सुझाएको शाखाका एक अधिकारीले बताए । उनका अनुसार परीक्षा सञ्चालनमै समय खर्च हुने भएपछि नेपालबाट जति कामदार आपूर्ति गर्ने लक्ष्य राखिएको हो त्यो पूरा गर्न नसकिने हुँदा अर्को देशबाट छनोट गरी लैजानुपर्ने बाध्यता आएको कोरियाली पक्षले जानकारी दिएको छ । यद्यपि, यसपटक अन्य क्षेत्रमा नेपाली कामदार लिन नसक्ने जानकारी दिएको कोरियाले उत्पादनमूलक क्षेत्रमा निर्धारण गरिएको कोटाभन्दा बढी संख्यामा कामदार लैजाने संकेत दिएको छ । रोजगारदाताको रोजाइमा नेपाली कामदार परेका कारण यसपालि ३० हजार जनाको हाराहारीमा कोरियाले नेपाली कामदारको माग गर्ने ती अधिकारीको दाबी छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत वर्ष (सन् २०२३) २१ हजारभन्दा बढी नेपाली कामदार रोजगारीका लागि कोरिया पुगेका छन् । कोरियाले इपीएस प्रणालीबाट सबैभन्दा धेरै कामदार नेपालबाट लैजाने गरेको छ । पछिल्लो समय कोरियाले नेपालबाट उत्पादनमूलक तथा कृषि क्षेत्रका साथै निर्माण क्षेत्र, सेवामूलक र पानीजहाज निर्माण क्षेत्रमा पनि कामदार लैजाने प्रक्रिया अघि बढाएको छ ।






प्रमुख पर्यटकीय गन्तव्य सर्वोच्च शिखर सगरमाथा क्षेत्र भ्रमणमा पर्यटक । सिजन सुरु भएसँगै सगरमाथासहितका हिमशृंखला अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटक यहाँ पुग्ने गरेका छन् ।

*तस्बिरः सुवास दर्नाल/रासस*

# कुसुन्तीमा लिफ्टसहितको आकाशे पुल बन्ने

**पाटन (ललितपुर)**- ललितपुर महानगरको वडा नं १३ कुसुन्तीको चक्रपथमा लिफ्टसहितको अपांगतामैत्री आकाशे पुलको शिलान्यास भएको छ । एकान्तकुना यातायात कार्यालयबाट सातदोबाटोतर्फ करिब पाँच मिटरको दूरीमा बन्न लागेको यो आकाशे पुलमा सडकको दुवैतर्फ लिफ्ट हुने छ । ललितपुर महानगरपालिकाको चार करोड ६८ लाख नौ हजार रूपैयाँको लागतमा निर्माण सम्पन्न हुने छ । एक वर्षभित्र निर्माण सम्पन्न हुने उक्त अपांगतामैत्री आकाशे पुलको महानगर प्रमुख चिरीबाबु महर्जनले सोमबार विशेष पूजासहित शिलान्यास गरेका हुन् ।

आकाशे पुल निर्माणका लागि निर्माण व्यवसायी लामा/प्रगति/मणि/बुद्ध जेभीले महानगरसँग फागुन २० गते सम्झौता गरी २१ गतेदेखि १२ महिनाभित्र काम सम्पन्न गर्नेगरी ठेक्कामा लिएको महानगरका वरिष्ठ डिभिजनल इञ्जिनियर प्रदीप पौडेलले जानकारी दिए । यो आयोजनाको परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेड रहेको छ । पुलको पाँच वर्षसम्मको मर्मतसम्भार निर्माण व्यवसायीले नै गर्नुपर्ने छ ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै महानगर प्रमुख महर्जनले महानगरपालिकाले नयाँ नौलो काम गर्न रुचाउने बताउँदै यो सम्भवतः नेपालमै पहिलो भएको दाबी गरे ।



'यो क्षेत्रमा दुर्घटना भएर १७ जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन् । महानगरवासीलाई बचाउनका लागि यो काम गर्न धेरै मेहनत गर्नुपर्‍यो । अब पुल निर्माणका क्रममा कुनै पनि तहबाट बाधा व्यवधान हुँदैन भन्ने प्रतिबद्धता जनाउँछौं । निर्माण व्यवसायी, परामर्शदाताबाट पनि यो काममा कुनै विलम्ब नहोस्,' प्रमुख महर्जनले भने ।

उनले कुनै पनि आयोजना समयमा सम्पन्न नहुने गरेका कारण नेपालमा ठेकेदारप्रति नकारात्मक धारणा रहेको भन्दै त्यस्तो यहाँ नहोस् भने । उनले आयोजना निर्माणमा सुरक्षा पहिलो प्राथमिकता भन्ने सिद्धान्तमा आधारित रहेर काम गर्न आग्रह गरे । प्रमुख महर्जनले आयोजना निर्माणका क्रममा गुणस्तरमा कुनै हालतमा पनि सम्झौता हुनुहुँदैन भन्दै यसका लागि निर्माण कम्पनी, परामर्शदाता र यसमा संलग्न इञ्जिनियरले ध्यान दिने विश्वास व्यक्त गरे ।

उनले निर्माणका क्रममा आइपर्ने समस्या समाधान गर्न स्थानीयको सहयोग अपरिहार्य छ भन्दै निर्माणका क्रममा सहजीकरणका लागि आग्रह गरे । ललितपुर खण्डमा पर्ने चक्रपथको ७.९ किलोमिटर सडकमा स्मार्ट स्याटेलाइट जडानका लागि ठेक्का आह्वान भई छनोटको चरणमा रहेको बताउँदै महानगर प्रमुख महर्जनले एक वर्षभित्र जडान सम्मान हुने बताए ।

वडा नं १३ का अध्यक्ष गणेश केसीले चार वर्षको प्रयासपछि यो पुल निर्माणका लागि सडक विभागबाट भदौ ११ गते स्वीकृत पाएको बताउँदै यो क्षेत्रमा हुने सडक दुर्घटनाको जोखिम रोक्न लगातार काम गरेर समयअगावै सम्पन्न गर्न आग्रह गरे ।

परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेडका प्रतिनिधि तथा आयोजनाका डिजाइनर विनोद न्यौपानेले सहरलाई सौन्दर्यीकरण हुनेगरी पुलको डिजाइन गरिएको बताए । निर्माण व्यवसायी लामा प्रगति-मणि बुद्ध जेभी सञ्चालक चन्द्रबहादुर लामाले निर्माण व्यवसायीले चाहेरभन्दा पनि स्थानीयको समन्वय र सहकार्यका कारण निर्माण सम्पन्न छिटो हुने बताए । उनले परामर्शदाताकोतर्फबाट कुनै परिवर्तन भएन र स्थानीयकोतर्फबाट कुनै बाधा अवरोध भएन भने समयभित्रै काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे ।

महानगरले बजेटको अभाव नहुनेगरी सम्झौताअनुसारको रकम समयमा नै उपलब्ध गरायो भने गुणस्तरमा सम्झौता नगरी निर्माण सम्पन्न गरेर आयोजना हस्तान्तरण गर्ने उनले बताए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## प्रधानमन्त्री बन्ने...

### नागरिक उन्मुक्तिको साथ कांग्रेसलाई

नागरिक उन्मुक्ति पार्टीले आफ्नो केन्द्रीय समिति स्थगित गरी सुदूरपश्चिम प्रदेशमा सरकार बिस्तारमा सघाएको छ । सोमबार यहाँ लक्ष्मणकिशोर चौधरी विनाविभागीय मन्त्री नियुक्त भएका छन् । जबकि नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले प्रदेश सरकारमा सहभागी मन्त्रीहरूलाई सरकारलाई दिएको समर्थन फिर्ता लिन निर्देशन दिएकी थिइन् । रञ्जिताका श्रीमान् रेशम चौधरीले भने कांग्रेस नेतृत्वको सुदूरपश्चिम सरकारलाई समर्थन गर्ने स्पष्ट पारिसकेका छन् । रेशमले सुदूरपश्चिम सरकारमा प्रधानमन्त्री दाहाललाई आफ्नो पार्टीको मुख्यमन्त्री हुनुपर्ने माग गरेका थिए । तर रञ्जिता भने पुनः सरकारमा जाने तयारी गर्दै रेशमको मागमा सहमत छैनन् । रेशम-रञ्जिताको कलहले अहिले नागरिक उन्मुक्तिका नेताहरू अन्योलमा परेका छन् ।

### के छ ओलीको दाउ ?

एमाले अध्यक्ष ओली अहिले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई मनाएर आफ्नो पार्टीलाई प्रतिनिधिसभाकै ठूलो दल बनाउने भित्री तयारीमा लागेका छन् । एमाले अहिले ७८ सांसदसहित दोस्रो पार्टी हो । प्रतिनिधिसभामा नेपाल नेतृत्वको एकीकृत समाजवादीको १० सिट रहेको छ । तत्कालीन नेकपाको समयमा अहिलेका प्रधानमन्त्री एवं माओवादी अध्यक्ष दाहालले पार्टी फुटाउन नेपालको साथ लिएका थिए । अहिले एकीकृत समाजवादीका नेता कार्याकर्ता एकएक गर्दै एमालेमा फर्कन थालेपछि नेपाल संकटमा परेका छन् । 'यही मौकामा माधव नेपाल एमालेसँग मिल्न सक्छन्,' एकीकृत समाजवादीका एक नेताले भने, 'पुरानै पार्टीमा फर्कन अहिलेजस्तो सहज परिस्थिति नआउन सक्छ ।' यसले ओली र नेपाल दुवैलाई फाइदा हुनेसमेत ती नेताले बताए ।

एमाले र एकीकृत समाजवादी मिल्दा प्रतिनिधिसभामा ८८ सांसद पुग्छ । जबकि पहिलो दल नेपाली कांग्रेसको ८८ मात्र सांसद छ । इलाम-२ मा जसरी पनि आफ्नो उम्मेदवार जिताएर एमालेले कांग्रेसलाई उछिन्ने तयारी गरेको छ । यद्यपि एमालेको टोपबहादुर रायमाझीको सांसद पद निलम्बनमा परेको छ । यो बीचमा एमालेले स्वतन्त्र उठेका सांसद किरण शाहलाई आफ्नो पार्टीमा प्रवेश गराएर थप बलियो भएको छ । मत बढाउन उद्योगीसमेत रहेका विनोद चौधरीलाई पक्राउ गरेर भए पनि ओली आफ्नो दललाई पहिलो बनाउने योजनामा देखिन्छन् ।

पहिलो दल बनेपछि एमाले दाहाल नेतृत्वको सरकारबाट बाहिरिने र विश्वासको मत लिनुपर्ने अवस्था बनाउने ओलीको तयारी रहेको बताइएको छ । यस्तो अवस्थामा सरकार गठनका लागि संविधानको धारा ७६ (३) को सहारा लिनुपर्ने हुन्छ ।

'प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ,' उपधारा ३ मा लेखिएको छ । यो संवैधानिक व्यवस्थाअनुसार सबैभन्दा ठूलो दलका नेता प्रधानमन्त्री बन्ने छन् । एमाले र एकीकृत समाजवादी एक भएमा सबैभन्दा ठूलो दल यही हुने छ । संसदीय दलका नेता ओली छन् ।

■■■

## दाहाल-शर्मा...

'मेरो धेरै लामो राजनीतिक यात्रा छ । शिक्षाको हकमा पनि म अरूभन्दा कमजोर छैन । मलाई लाग्छ कि म भइदिएको खण्डमा मैले यस (राष्ट्रिय सभा)को गरिमा बढाउने नै काम गर्ने थिएँ । घटाउने काम गर्ने थिइनँ,' उनले भने, 'संसदीय नियममा रहेरै काम गर्ने थिएँ । संसद् नियमावलीअनुसार नै अगाडि बढाउने थिएँ सभालाई ।'

गत ११ माघमा राष्ट्रिय सभा चुनाव हुँदा भने कांग्रेसले नेता कृष्णप्रसाद सिटौलालाई अध्यक्षको उम्मेदवार बनाउने जनाएको थियो । त्यसबेला कांग्रेस सत्ता गठबन्धनमा थियो । तर, डेढ साताअघि गठबन्धनमा आएको परिवर्तनसँगै सिटौला अध्यक्ष हुने दौडबाट बाहिरिए । कारण, उनी अध्यक्षमा निर्वाचित हुने अंकगणित भएन । यसपछि हार्ने अवस्थामा सिटौला पछि हटे । शर्मालाई अघि सारे । उनले आज सत्ता गठबन्धनका उम्मेदवार दाहालसँग प्रतिस्पर्धा गर्दै छन् । दाहाल प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालको भाइ (काकाको छोरा) हुन् । उनी राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत सांसद हुन् । शर्मा भने निर्वाचित सदस्य हुन् । यी दुई उम्मेदवारमध्ये जो निर्वाचित भए पनि वर्तमान संविधानअनुसार दोस्रो राष्ट्रिय सभा अध्यक्ष हुने छन् । पहिलो त गणेशप्रसाद तिमिल्सिना भए । यही २० फागुनमा उनको छ वर्षे पदावधि सकियो । यसपछि रिक्त रहेको पदमा आज निर्वाचन हुन लागेको हो ।

राष्ट्रिय सभा अध्यक्ष संवैधानिक परिषद्को सदस्य हुने व्यवस्था संविधानमा छ । जहाँ प्रधानमन्त्री अध्यक्ष, प्रतिनिधिसभाका सभामुख, उपसभामुख र प्रधानन्यायाधीश सदस्य हुने प्रावधान छ ।


**जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुर, गाईघाटको काठ, दाउरा संकलन तथा घाटगद्दी गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/११/२९**

यस समितिबाट आ.व. २०८०।०८१ मा वेलकातरी रा.व.को रामपुर खण्डको प्लट १ र २ मा ढलापडा अबस्थामा रहेका १३५३९.६८ क्यू.फि. काठ तथा १०.९२ चट्टा दाउरा संकलन तथा तोकिएका स्थानमा घाटगद्दी गर्ने कार्य घटाघटमा (स्वीकृत लागत अनुमान अनुरूप काठ प्रति क्यू.फि. रू २६३.५७ र दाउरा प्रतिचट्टा २४७५०।-) बोलपत्रद्वारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भई सूचना प्रकाशित गर्ने निर्णय भएकोले वन पैदावारको कारोवार गर्ने उदेश्यले दर्ता भई रितपुर्वकको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. (**PAN**) वा मुल्य अभिबृद्दि कर (**VAT**) दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र भएका इच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र वन निर्देशनालय धरान, सुनसरी, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौं र यस समितिबाट प्रत्येक प्लटको अलग-अलग बोलपत्र खरीद गरी प्लट अनुसार अलग-अलग सिलबन्दी गरी दाखिला गर्नहुन आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा वेभसाईट www.dfoudayapur.gov.npdf हेर्न र टे.फो. ०३५-४२०१३४ मा सम्पर्क राख्न सकिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/११/२९

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **राईजिङ एजुकेशन प्रा.लि. (प्रा.लि. नं. १३८१२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सि.के. कर्पोरेट सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ३१२ फाल्गुन २८ गते २०८० मा प्रकाशित **All Skills International Human Resource Pvt.ltd** को Lot No. 300349 को **Sinopec Engeneering Group Saudi Co. Ltd** कम्पनीको विज्ञापनमा **Concrete Worker/Concrete Finisher** कामदारको संख्यामा १ जना तथा अन्तर्वार्ता स्थान संस्थाको कार्यालय र जब ओरियन्टेशन/ट्रेनिङ सेन्टर, सामाखुसी, काठमाडौंमा मितिः चैत्र ६/७/८/९ (Mar 19/20/21/22) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **ABDULLAH A. AL-BARRAK & SONS CO.**

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 289117 | चलानी नं. ६०१७८८८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 1 | 0 | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manufacturing Worker | 14 | 0 | 1000 | ३५,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ६/७ गते (19/20 Mar. 2024) मा हुनेछ । गोर्खा होटल, इटहरी, सुनसरीमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ । नेपालीका होटल, दमक, झापामा मितिः २०८० चैत ९ गते (22nd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **HIMALAYA DECORATION**

पूर्व स्वीकृति मिति २०८०/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ | LT. No.286680 | चलानी नं.: ६०२०२०७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Decor Woodworker | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 3 | Representative | 16 | 0 | 2500 | ९१,०५५ | | | | | | | |
| 4 | Mechanical Engineer | 1 | 0 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Technician | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 7 | Decoration Technician | 2 | 0 | 1300 | ४७,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **SYARIKAT THONG GUAN TRADING SDN. BHD.**

पुर्व स्वीकृति मिति २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 295442 | चलानी नं. ६०२१०४६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SIANG JING ENGINEERING SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 285682 | चलानी नं. ६०२०१०६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Workers | 6 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **NTA MACHINING (M) SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८०/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 292461 | चलानी नं. :६०२०७६११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 18 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **MANIS MASYHUR SDN BHD**

पुर्व स्वीकृति मिति : २०८०/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 291163 | चलानी नं. ६०२०५२८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 2 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **MANIS MASYHUR SDN BHD**

पुर्व स्वीकृति मिति २०८०/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ | LT. No. 290661 | चलानी नं. ६०२०५८८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 2 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **MOHAMMED ZAID AL-MASHARI & PARTNERS TRANSPORT CO..**

पूर्व स्वीकृति मितिः २०८०/११/२७ | LT. No. 301387 | चलानी नं. ६०२१६२८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

# गण्डकी, मधेस र सुदूरका प्रदेश प्रमुख हटाइयो

## नयाँ प्रदेश प्रमुख पठाउने निर्णय

**काठमाडौं (प्रस)-** सरकारले गण्डकी प्रदेश, मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुखलाई हटाएर नयाँ नियुक्तिका लागि सिफारिस गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो ।

यस निर्णयसँगै मधेस प्रदेशका प्रमुख हरिशंकर मिश्र, गण्डकीका पृथ्वीमान गुरुङ र सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशी पदमुक्त भएका छन् । मन्त्रिपरिषद्ले रिक्त हुने प्रदेश प्रमुख पदहरूमा नियुक्तिका लागि नयाँ नाम सिफारिस गरेको छ । मधेसमा सुमित्रा भण्डारी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियाँको नाम मनोनयनका लागि सिफारिस गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

त्यसैगरी सरकारले मन्त्रिपरिषद्का समितिहरू गठन गरी समितिको समन्वय गर्न संयोजक तोकेको छ । राजनीतिक समितिको संयोजकमा प्रधानमन्त्री, आर्थिक पूर्वाधार समितिको संयोजकमा उपप्रधान तथा भौतिक पूर्वाधार र यातायातमन्त्री, विधेयक समितिको संयोजकमा उपप्रधान तथा गृहमन्त्री, प्रशासन समितिको संयोजकमा उपप्रधान तथा परराष्ट्रमन्त्री र सामाजिक समितिको संयोजकमा उपप्रधान तथा स्वास्थ्य र जनसंख्यामन्त्रीलाई तोकिएको छ ।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री शर्माले भनिन्, 'राष्ट्रिय सभाको अध्यक्षमा नेकपा माओवादी केन्द्रले उठाएको उम्मेदवारलाई विजयी बनाउने गठबन्धन दलका पार्टीहरू सहमत भएका छन्, सहकार्य गर्ने बेला नै माओवादी केन्द्रलाई राष्ट्रिय सभाको अध्यक्ष दिने भन्ने निर्णय भएको थियो, त्यसअनुसार नै माओवादी केन्द्रले उम्मेदवार अगाडि सारेको छ ।'

# सरकार र मिटर ब्याजपीडित फेरि आयोग बनाउने सहमति

**काठमाडौं (प्रस)-** सरकार र मिटरब्याज तथा ठगीविरुद्ध किसान-मजदुर संघर्ष समितिबीच सोमबार चारबुँदे सहमति भएको छ । उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको पहलमा गृह मन्त्रालयमा सोमबार भएको वार्ता सहमतिमा टुंगिएको छ । सहमतिसँगै पीडितले आन्दोलन फिर्ता लिएका छन् ।

गृह मन्त्रालयमा आइतबार र सोमबार भएको वार्ता सहमतिमा टुंगिएसँगै समितिले आह्वान गरेको आन्दोलन पनि स्थगित गर्ने सहमति भएको गृहमन्त्री लामिछानेको सचिवालयले जानकारी दिएको छ । पीडितको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने भएकाले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी अनुचित लेनदेन (मिटरब्याज) विरुद्ध जाँचबुझ आयोग गठन गर्ने गरी सहमति भएको जनाइएको छ ।

सहमतिपत्रमा आयोगको कार्यादेशअनुसार जाँचबुझ गरी सरकारसमक्ष प्रस्ताव पेस गर्ने, आर्थिक समस्याका कारण मिटरब्याजी साहु, महाजनका चंकगुलमा पर्न नदिन शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने र मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका तर्फबाट हाल चलिरहेको आन्दोलनका कार्यक्रम स्थगित गर्ने उल्लेख छ ।

झापाको काँकडभिट्टा र कञ्चनपुरको महेन्द्रनगरबाट २३ दिन हिँडेर यही फागुन ९ गते काठमाडौं आइपुगेका मिटरब्याजपीडितले आन्दोलन र वार्ता सँगसँगै अघि बढाइरहेका थिए । आन्दोलन स्थगितसहितको सहमति गरेर अहिले आन्दोलनमा रहेकाहरूलाई सहमतिबारे जानकारी गराउने काम भइरहेको संघर्ष समितिका प्रवक्ता निर्ग नवीनले जानकारी दिए ।

# ४१३ स्थानीय तहमा सकियो खोप अभियान

**काठमाडौं-** सरकारले सञ्चालन गरेको दादुरा-रुबेलाविरुद्धको खोप अभियानअन्तर्गत मुलुकका ४१३ स्थानीय तहका सबै बालबालिकाले खोप लगाएका छन् । देशका २४ जिल्लाका ती स्थानीय तहमा सबै बालबालिकालाई खोप लगाइएको छ ।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार ४३ जिल्लाका १८० स्थानीय तहमा खोप अभियान जारी छ । हालसम्म करिब ६६ प्रतिशत अर्थात् ३७ लाख ९२ हजार ४६८ बालबालिकाले खोप लगाइसकेका छन् ।

शाखा प्रमुख डा. गौतमले हिमाली भेगका आठ जिल्लाका १२२ स्थानीय तहमा हिमपातका कारण खोप अभियान सञ्चालन हुन नसकेको बताए । यही फागुन १३ गतेदेखि दादुरा-रुबेलाको संक्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले पश्चिम रुकुम र जाजरकोट जिल्लाबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको हो । ती जिल्लाका कूल ५७ लाख ४२ हजार ९९३ बालबालिकालाई खोप लगाउने लक्ष्य छ ।

भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाबाट अति संक्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकामा नौ महिनादेखि १५ वर्षमुनिका तथा ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइँदै छ । खोप अभियानका लागि देशभरि ४८ हजार ७९८ खोप केन्द्रको व्यवस्था गरिएको शाखा प्रमुख डा. गौतमले जानकारी दिए । खोप अभियानका लागि ४९ हजार ९३७ स्वास्थ्यकर्मी र ५९ हजार ९०६ स्वयंसेवक परिचालन गरिएको छ । *रासस*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३१२ फाल्गुन २८ गते २०८० मा प्रकाशित Aseana International Pvt.ltd. को Lot No. 286988 को Caffeinees Palace Sdn Bhd कम्पनीको विज्ञापनमा Restaurant Crew **कामदारको संख्यामा ४५ जना** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**Aseana International Pvt. Ltd.**
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASLAK BEVERAGE SERVING ESTABLISHMENT
पूर्व स्वीकृति मिति: २०८०/११/२७ LT. No. 301402 चलानी नं. ६०२१६२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1500 | ५२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTER GREAT (M) SDN BHD
पूर्व स्वीकृति मिति: २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२८ LT. No.271863 चलानी नं. ६०१८७६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALON AL INSAF W.L.L.
पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. 289902 चलानी नं. ६०२०५२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 1700 | ६०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hanna Beautician | 0 | 1 | 1700 | ६०,८६० | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Women Hairdresser | 0 | 5 | 1700 | ६०,८६० | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/१०/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. 299392 चलानी नं. ६०२१४३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 1 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 3 | Gen.clean Worker | 22 | 20 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Gen.director | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 5 | Labourer | 32 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Painter | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POWER OF SOLIDARITY CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/११/२७ LT. No. 301309 चलानी नं. ६०२१६२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ADLIYA TOWERS INTERIORS
पूर्व स्वीकृति मिति: २०८०/११/२७ LT. No.301416 चलानी नं. ६०२१६२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 120 | ४२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 9 | 0 | 100 | ३५,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
G.P.O. Box: 8975, E.P.C. 2635, Basundhara-5, KTM. Nepal
Govt. Lic. No. 851/066/067
Tel: +977-15903411 , +977-15903412 ,
9851002414 , 9849886526, 9841896927,9851003258,9849832175
regards Email: gmservicesnepal@gmail.com
Website : www.gurungmagarservices.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUSHEER TAILORING LLC
पूर्व स्वीकृति मिति : २०८०/०१/३१ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. 285976 चलानी नं. ६०२०१३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 50 | 0 | 1300 | ४६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUSAIL STAR HOSPITALITY SERVICES AND GENERAL CLEANING SERVICE
पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. 289941 चलानी नं. ६०२०५१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 2 | 1000 | ३६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९५४/०६७/६८
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECONFRAME MARKETING SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. : 294527 चलानी नं. ६०२०९६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARAH DAGANG SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. : 281859 चलानी नं. ६०१९७५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 32 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARAH DAGANG SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२८ LT. No. : 295210 चलानी नं. ६०१९८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना २९ गते मंगलबार)

यस विकास बैंक लि.को शाखा कार्यालय धनकुटाबाट उल्लेखित ऋणीले साना उद्यम कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **श्री मचेपु कृषी तथा पशुपालन फर्म**
अख्तियार प्राप्त व्यक्ति : तिल बहादुर थापा
दर्ता नं. : ५९४८/०७७/०७८
दर्ता मिति : २०७७/०६/१३
स्थायी लेखा नं. : ६१३८१७२९१
दता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धनकुटा
रजिष्टर्ड ठेगाना : धनकुटा जिल्ला माहालक्ष्मी न.पा. वडा नं. १

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **तिल बहादुर थापा**<br>बाबुको नाम : सुर्य बहादुर थापा<br>बाजेको नाम : खड्ग बहादुर थापा<br>स्थायी ठेगाना : धनकुटा जिल्ला मारेककटहरे गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : धनकुटा जिल्ला माहालक्ष्मी न.पा. वडा नं. १<br>ना.प्र.नं. : ०७-०१-६९-००३१८<br>जारी मिति र जिल्ला : २०६९/०२/१६, धनकुटा | २. नाम : **शान्ती राम थापा**<br>बाबुको नाम : खड्ग बहादुर थापा<br>बाजेको नाम : लाल बहादुर थापा<br>स्थायी ठेगाना : धनकुटा जिल्ला मारेककटहरे गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : धनकुटा जिल्ला माहालक्ष्मी न.पा. वडा नं. १<br>ना.प्र.नं : २७२<br>जारी मिति र जिल्ला : २०६०/०८/०५, धनकुटा |
| ३. नाम : **बल बहादुर थापा**<br>बाबुको नाम : झमक बहादुर थापा<br>बाजेको नाम : दल बहादुर थापा<br>स्थायी ठेगाना : मोरङ्ग जिल्ला लेटाङ्ग गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ६<br>ना.प्र.नं. : ३४८३/२९६१<br>जारी मिति र जिल्ला : २०५७/०४/१६, मोरङ्ग | ४. नाम : **इन्द्र बहादुर थापा**<br>बाबुको नाम : खड्ग बहादुर थापा<br>बाजेको नाम : लाल बहादुर थापा<br>स्थायी ठेगाना : धनकुटा जिल्ला मारेककटहरे गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : धनकुटा जिल्ला माहालक्ष्मी न.पा. वडा नं. १<br>ना.प्र.नं : २७३<br>जारी मिति र जिल्ला : २०६०/०८/०५, धनकुटा |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# फेरि आयोग !

रवि लामिछानेलाई धेरैले नयाँ शैलीले काम गर्ने नेताका रूपमा चिन्छन् । तर युवा पुस्ताको मन जितेर निर्वाचन हुँदै सत्तामा पुगेका लामिछानेले भने पुरानै दलको शैलीलाई पछ्याएका छन् । पछिल्लो उदाहरण हो, मिटर ब्याजपीडितसँग गरेको सहमति ।

उपप्रधान तथा गृहमन्त्रीसमेत रहेका लामिछानेले सोमबार मिटरब्याजपीडितसँग अर्को आयोग गठन गरेर सहमति गरेका हुन् । यसअघि सत्तामा पुगिरहने शक्तिशाली दलहरूले एक सरकारले गठन गरेको आयोगको कामलाई थन्क्याएर अर्को आयोग गठन गर्ने गर्थे । ठीक यसैगरी लामिछानेले मिटरब्याजपीडितसँग सम्झौता गरेका हुन् । सहमतिअनुसार तीन महिनाभित्र आयोगले आफ्नो प्रतिवेदन सरकारलाई पेस गर्न समयसीमा तोकिएको छ । उक्त जाँचबुझ आयोगको कार्यादेशमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग–२०८० ले संकलन गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट नेपाल प्रहरीमा पठाइएका र आयोग गठन भएपछि निवेदकबाट प्राप्त हुने नयाँ उजुरीहरूबारे जाँचबुझ गर्ने छ ।

जबकि, सरकारले गत चैत २० गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षता 'अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग–२०७९' गठन गरेको थियो । आयोगले देशभरबाट मिटरब्याजीविरुद्ध उजुरी आह्वान गरेको थियो । सोहीअनुरूप २७ हजारको हाराहारीमा उजुरी परेका थिए । तीमध्ये आयोगले पाँच हजार उजुरीमा मिलापत्र गराएको थियो भने बाँकी २२ हजार उजुरी कानुनअनुसार अनुसन्धान गर्न प्रहरीलाई जिम्मा लगाएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले यही १६ फागुनसम्म थप दुई हजार ९९४ वटा उजुरी आपसी मेलमिलापबाट फस्र्योट भएको बताएका थिए । नयाँ गठबन्धन बनेपछि बिहीबार संसद्मा उभिँदै दाहालले भनेका थिए– जिल्ला प्रहरी कार्यालयहरूमा दुवै पक्षको छलफलबाट मेलमिलाप गराउने र मेलमिलाप हुन नसके प्राप्त प्रमाणका आधारमा अदालतमा मुद्दा दर्ता गर्ने अहिलेको प्रयासबाट अब केही समयमै सबै उजुरी फस्र्योट भइसक्ने छन् ।

उक्त आयोगले प्रभावकारी ढंगबाट काम नगरेको तथा गरिएको सहमतिसमेत कार्यान्वयन नभएको भन्दै पीडितहरू पुनः गत माघ १६ गतेदेखि आन्दोलनमा उत्रिएपछि यसलाई किनारा लगाउन गृह मन्त्रालयका सहसचिव रुद्रप्रसाद पण्डितको संयोजकत्वमा वार्ता टोली गठन भएको थियो । उक्त टोलीको नेतृत्वमा मिटरब्याजपीडितसँग अर्को आयोग गठनका सहमति भएको हो । खासमा कार्की आयोगले दिएको प्रतिवेदनअनुसार मिटरब्याज कसुरमा संलग्नमाथि अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाउनुपर्ने हो । कि त कार्की आयोगले गरेको प्रतिवेदनमा खोट देखाएर नयाँ शिराबाट अनुसन्धान थाल्नुपर्छ । एकपछि अर्को आयोग बनाउनु राज्यको ढुकुटी रित्याउने कामबाहेक होइन । यस्तो कार्यमा रोक लगाउनुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- 'हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुन सक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ?

धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।'

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूहले केही सम्झेनन् । रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।'

चाणक्यलाई कसैले चनैती देओस् । यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाईं सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाईं त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो । चाणक्य हुँदा यस्तो हुन सक्दैन । धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठुलो छ । सबैतिर युद्ध र डर हुन्छ । त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो । अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाँहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु ।'

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ ।

क्रमशः

# बिरामीको निःस्वार्थ सेवामा समर्पित डा. मनिषा



पदम श्रेष्ठ



अस्पताल भन्नेबित्तिकै सबैलाई लाग्छ, सकेसम्म जानै नपरोस् । तर रोगले च्यापेपछि अस्पताल नगई धर पाइन्न । आफैं बिरामी हुँदा मात्र होइन, आफन्त वा साथीसंगी बिरामी हुँदा पनि अस्पताल पुग्नुपर्ने हुन्छ । अस्पतालमा एक त रोग र खर्चको चिन्ता त छँदै छ, त्यसमाथि कतिपय अस्पतालमा कर्मचारीको व्यवहारले पनि बिरामी र आफन्तलाई दिक्दार बनाउँछ । त्यही कारण 'अस्पताल जानै नपरोस्' भन्ने कामना हरेक व्यक्तिले गरेका हुन्छन् ।

भक्तपुरको सूर्यविनायक नगर अस्पतालमा पुग्ने बिरामीले भने फरक अनुभूति गर्न पाउँछन् । यसको श्रेय अस्पतालकी जनसम्पर्क निर्देशक डा. मनिषा कार्कीलाई जान्छ । उपचारका लागि यस अस्पतालमा आउने बिरामीलाई उनी आफ्नै आफन्तसरह व्यवहार गर्छिन् । र, बिरामी पनि उनलाई आफ्नै आफन्त ठान्छन् । विशेषगरी कोरोना महामारीको समयमा उनले पुऱ्याएको निःस्वार्थ सेवाबाट सयौं बिरामी र बिरामीका आफन्तहरू लाभान्वित भएका थिए । जसबाट बिरामी र आफन्तको विश्वास जित्न सफल भएकी छन् डा. मनिषा ।

उनी उपचारमा ज्येष्ठ नागरिक, निम्न वर्गका र असहाय बिरामीलाई पहिलो प्राथमिकता दिने गर्छिन् । जसकारण सूर्यविनायक नगर अस्पतालमा उपचारका लागि पुग्ने अधिकांश बिरामी उनको सेवाको प्रशंसा गर्छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा वलीले एकैपटक उद्घाटन गरेका देशभरका ३६३ वटा अस्पतालमध्येको एक हो, सूर्यविनायक नगर अस्पताल । ती अस्पतालहरूमध्ये अधिकांश नाममात्रको अस्पतालका रूपमा सञ्चालित रहेका छन् । कतिपय बन्द प्रायः भइसकेका छन् । तर डा. मनिषाजस्ता दृढ समर्पण भाव रहेका स्वास्थ्यकर्मीहरूका कारण सूर्यविनायक नगर अस्पतालले फरक पहिचान बनाउन सफल भएको अस्पतालका वरिष्ठ चिकित्सकहरू बताउँछन् ।

> तत्कालीन प्रधानमन्त्री केपी शर्मा वलीले एकैपटक उद्घाटन गरेका देशभर का ३६३ वटा अस्पतालमध्ये को एक हो, सूर्यविनायक नगर अस्पताल । ती अस्पतालहरूमध्ये अधिकांश नाममात्रको अस्पतालका रूपमा सञ्चालित रहेका छन् । कतिपय बन्द प्रायः भइसकेका छन् । तर डा. मनिषाजस्ता दृढ समर्पण भाव रहेका स्वास्थ्यकर्मीहरूका कारण सूर्यविनायक नगर अस्पतालले फरक पहिचान बनाउन सफल भएको छ ।

दैनिक ३०० जनाभन्दा बढी बिरामीले यो अस्पतालबाट सेवा लिइरहेका छन् । १३ शयचाको यस अस्पतालमा पाँचजना डाक्टर र १३ जना नर्सले सेवा पुऱ्याइरहेका छन् । वार्षिक १० करोड रूपैयाँ बजेट सूर्यविनायक नगरपालिकाले उपलब्ध गराउँदै आएको छ । डा. मनिषा स्वयंसेवकको रूपमा यो अस्पतालमा प्रवेश गरेकी हुन्, दुई वर्ष स्वयंसेवककै भूमिकामा काम गरिन् । यसअघि उनी नागरिक अस्पतालमा कार्यरत थिइन् ।

कुनै पनि व्यक्तिले मान, दाम र इज्जत विशेष परिस्थिति, विशेष अवस्थामा मात्र पाइन्छ । नत्र प्रत्येक मान्छेको कर्मकाण्डी रूपमा नै बित्दै जान्छ जिन्दगी । डा. मनिषा नागरिक अस्पतालमा कार्यरत रहँदाको कुरा हो- त्यसबेला कोरोना (कोभिड-१९) महामारीले विश्वव्यापी संकट निम्त्याइरहेको थियो । मानिस घरबाहिर निस्कनसमेत प्रतिबन्ध लगाइएको थियो । स्वास्थ्यकर्मी चिकित्सकहरूले समेत धमाधम राजीनामा दिँदै घर बस्न थालेका थिए ।

अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरू पनि सकेसम्म आफूलाई टाढै राखी बिरामीको सेवामा लागिरहेका थिए भने कतिपय नेता, मन्त्रीदेखि स्वास्थ्यकर्मीहरूले सेवाभन्दा बढी स्वास्थ्यमा व्यापार गरिरहेका थिए । मान्छेको नाउँमा बाँचिरहेका लासमाथि पनि व्यापार गर्ने स्वास्थ्य क्षेत्रका अधर्मीहरूले एम्बुलेन्स मिलाइदिने भन्दै कमिसन खान महँगो नर्सिङ अस्पताल पुऱ्याएर होस कि, अनावश्यक दुःख दिएर लाखौं रूपैयाँ ठगेका घटना सञ्चारमाध्यममार्फत सार्वजनिक भएका थिए । त्यतिबेला थोरै स्वास्थ्यकर्मीहरू थिए, जसले आफू र आफ्नो घर परिवारलाई भन्दा बढी बिरामीको सेवामा समय दिइरहेका थिए । आफ्नो घरसमेत नगई कोरोनाबाट प्रभावित बिरामीको उपचार खटिरहे ।

त्यस्ता थोरै स्वास्थ्यकर्मीहरूमध्येमा पर्छिन् डा. मनिषा । खाना र निद्रालाई समेत वास्ता नगरी खटाएको ठाउँ मनोहरा भक्तपुरको सुकुम्बासी बस्तीदेखि धनगढीसम्म पनि बिरामी सेवामा लाग्दा भगवान्को कृपाले आफूलाई कोरोनाले नछोएको उनी सुनाउँछिन् । धपेढीका कारण ज्वरो आउँथ्यो तर आत्मवललाई दह्रो बनाएर सेवामा लाग्दा आन्तरिक शक्ति जागृत भई कोरोनाले पनि छुन नसकेको डा. मनिषाको अनुभूति छ ।

### स्वास्थ्य सेवामा लाग्न आमाबाट उत्प्रेरणा

सर्वधर्म समभावका प्रतीक साइबाबामा आस्था राख्छिन् डा. मनिषा । उनलाई डाक्टर बन्न आमा आशा कार्कीबाट उत्प्रेरणा मिलेको हो । आफू 'टिस्यु कल्चरिस्ट' भएर पनि उनलाई डाक्टर बन्ने इच्छा रहेछ । बुबा मेकानिकल इन्जिनियर श्रीबहादुर कार्की, समाजमा चिनिएका सम्पन्न व्यक्तित्व थिए तर उनको किड्नी फेल हुँदा तत्कालीन समयमा राम्रो उपचार पाउन नसक्दाको पीडा नजिकबाट नियालेकी थिइन्, डा. मनिषाले ।

त्यो बेला स्वास्थ्य उपचारमा हुने व्यापारीकरण, खर्च गर्न सक्ने र नसक्ने बिरामी तथा तिनका आफन्तप्रति गरिने विभेदलाई नजिकबाट नियालिन् । उनको दाजु इन्जिनियर बनेपछि आमाको इच्छा र हौसलाका कारण मनिषाले डाक्टर बन्नका लागि तयारी गरिन् । कडा मिहेनतको परिणाम उनी डाक्टर हुन सफल भइन् ।

उनले आफू डाक्टर बनेपछि डाक्टरको जागिरे करिअरमात्र नठानी भ्याएको समय समाजका दीन दुःखी, ज्येष्ठ नागरिकको सेवा गर्ने दृढ निश्चय गरी सो लक्ष्यअनुसार सेवा दिँदै आएकी छन् । सेन्ट मेरिज स्कुलमा अध्ययन गरी पोखराको मणिपाल कलेज हुँदै चिकित्सा क्षेत्रमा अगाडि बढ्दा डा. मनिषाले स्वास्थ्य क्षेत्रमा व्याप्त व्यापारीकरणले पारेको अप्ठ्यारो सामना गर्नुपऱ्यो । बुबाको मृत्युलगायत व्यक्तिगत जीवनमा भोग्नुपरेको बज्रपातका घटनापछि आफूलाई झनै बलियो रूपमा काममा होमिन तयार भइन् ।

उनले आफूलाई बिरामीकै सेवामा समर्पित गरेकी छन्, प्रशासनिक र चिकित्सकीय माध्यमबाट । यसको सम्पूर्ण श्रेय आफ्नी आमालाई दिन्छिन् उनी । 'मेरै अगाडि पिताले मृत्युवरण गर्नुभयो । श्रीमान् पनि बित्नुभयो । म पनि एक दिन मर्नुपर्छ । एकदिन मरिजाने जीवनमा बिरामीलाई आफूले सकेको माया दिएर हुन्छ कि उपचार सर्वसुलभ दिएर हुन्छ मैले सेवा पुऱ्याउनुपर्छ भन्ने लाग्यो,' उनले सुनाइन् ।

श्रीमान्को निधनपछि नै उनले आफूलाई बिरामीप्रति नै समर्पित गर्ने सोचसहित अगाडि बढेकी हुन् । सूर्यविनायक नगरपालिकाको गुण्डुमा बनाएको घरमा निःशुल्क स्वास्थ्य सेवा, परीक्षण गर्ने क्लिनिक चलाइन् । डा. मनिषाको गुण्डुको क्लिनिकमा स्वास्थ्य परीक्षण निःशुल्क मात्र गरिदिँदा पनि स्थानीय बासिन्दाले ठूलै राहत महसुस गरेर आशीर्वाद दिएर जाने गरेका छन् । अन्य बिरामीका लागि आवश्यक सहयोगमा पनि खटिन्छिन् उनी ।

### डाक्टर भनेको औषधि लेखिदिने मात्र होइन


अबको आफ्नो लक्ष्य नर्स, डाक्टर र स्वास्थ्यकर्मी भनेको औषधि लेखिदिने व्यक्ति मात्र होइन भन्ने दस्तावेज तय गर्दै जाने रहेको डा. मनिषा बताउँछिन् । त्यसका लागि गुण्डुमा स्थापित सानो निःशुल्क स्वास्थ्य क्लिनिकलाई सदुपयोग गर्ने उनको सोच छ । स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारीकरण हुन नदिन चेतनामूलक स्वास्थ्य अभियान थाल्ने डा. मनिषा बताउँछिन् ।

आफ्नो चिकित्सा पेसाप्रति नै पुनःविचार गर्नुपर्ने गरी बिरामीमाथि भइरहेको व्यापारको सञ्जाल ध्वस्त तोड्न ढिला भइसकेको उनलाई लागेको छ । यसका लागि राजनीतिमै लाग्नु परे पनि तयार छिन् उनी । राजीनीति नै गर्नुपर्ने सोच आउनुको पछाडिका कारणबारे उनी भन्छिन्, 'एकजना डाक्टर बिरामीको उपचार सेवाको वरिपरि नै रूमल्लिरहेको हुन्छ तर राजनीतिक क्षेत्रमा लागेर स्वास्थ्य नीति, ऐनमा सुधार/संशोधन गर्न पाए त्यस्तो नीतिले स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गर्न सकिने र यस क्षेत्रको भ्रष्टाचार न्यूनीकरणका लागि सहयोग पुग्छ । मेरो अनुभवमा यहाँ हाल ठूला र सुविधा सम्पन्न निजी अस्पतालमा बिरामी जान वाध्य पारेर उपचारको बहानामा दुःख दिने प्रवृत्ति पनि बढेको छ ।'

थोरै खर्चमा गरिने उपचारलाई पनि बढी खर्च लाग्ने गरी विविध परीक्षण, औषधि दिएर दिने दुःख र सास्तीको अन्त्यका लागि राजनीतिक तबरबाटै आवाज उठाउनु जरूरी रहेको उनी ठान्छिन् । यसकारण राजनीतिमा जाने विकल्प पनि सोचेको डा. मनिषा बताउँछिन् ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाको बेला मृत्यु हरेक व्यक्तिको वरिपरि घुम्दा स्वास्थ्य क्षेत्रले भने कमाए । तर कोरोनाप्रभावित बिरामीको सेवामा खटिएका चिकित्सकले परिवारको माया र साधारण उपचारबाहेक विशेष सुविधा पाएका थिएनन् । यद्यपि, डा. मनिषा जस्ता चिकित्सक एवं स्वास्थ्यकर्मीहरूले विशेष सुविधाभन्दा बिरामीको सेवालाई महत्त्व दिएका थिए । त्यही अनुभव र सेवाभावलाई नगर अस्पतालमा प्रयोग गरिरहेकी छन् डा. मनिषा । जसले सर्वसाधारणमा सूर्यविनायक नगर अस्पतालप्रतिको विश्वास र भरोसा बढाउँदै लगेको प्रत्यक्ष अनुभूति गर्न सकिन्छ ।

# शक्तिको भक्ति !




अहिले भौमानका नाममा अनगिन्ती कुरा हुन थालेका छन् । को भौमान, को मानव, को दानव बुझ्न नै कठिन छ । 'जहाँ पुग्दैन रवि, त्यहाँ पुग्ने छ कवि' होइन, 'जहाँ पुग्दैन कवि, त्यहीँ पुग्छ रवि !' जस्तै भएको छ । शक्तिको भक्ति अहिले हो र ऊ बेलादेखि नै भएको थियो । भन्छन्- कस्तो गणेश प्रवृत्ति । विचरा, यति लामो सुँढ भएको गणेशलाई दोष दिन्छन् ? सक्नेले कर्म गर्ने हो नसक्नेले मात्र भक्ति गर्ने हो !

सत्ता र भत्ता उस्तैउस्तै हुन् जति खाए पनि नअघाउने । बीरबहादुरले त्यसै भक्तिगान गर्ने गऱ्या हो र ? विचरा, कर्म गर्दा केही नै नभएपछि शक्तिको भक्तिगानमै छ । 'आऊ, मिलाउँ हाम्रा यी हातहरू' भन्दै भक्तिगान गर्न थालेपछि पो बीरबहादुरका दिन सुरू भए । कवि नपुग्ने ठाउँमा रवि पुग्न थाल्या छ नि !

सत्य युगमा शिवका पुत्र गणेशले सुमेरु पर्वत परिक्रमा गर्न गएनन्, तर कुमार सुमेरु पर्वत परिक्रमा गरेर फर्कंदा गणेशले शिवको भक्तिमा आफ्नो आवश्यकता पूरा गरिसकेका थिए । अर्थात् त्यसबेलादेखि नै शक्तिको भक्ति थियो भनेरै होला बीरबहादुर आजकल कर्म हैन भक्तिमै तल्लीन छन् ।

बीरबहादुरको भक्तिगानले छिमेकी लुरेले पनि आजकल भक्तिगान गर्न थालेको छ । हिजोसम्म सत्य कुरा गर्ने, कर्ममा विश्वास गर्ने लुरे, वीरबहादुरको संगतले नै होला आफ्नो त्यस्ता त भन्ने चीजमात्र हो पो भन्न थालेका छन् । कम्तीमा कर्मको त विश्वास गर साथी ।

मान्छेको अनुहारैपिच्छे कुरा गर्न खप्पिस बीरबहादुरले लुरेलाई कहाँ सबै शक्तिका सामु लैजान्थ्यो र ? जहाँ-जहाँ आफ्नो स्वार्थ पूरा गर्नुपर्ने थियो त्यही लुरेको उपस्थिति उसका लागि महत्त्वपूर्ण हुन्थ्यो । लुरेको बोलीलाई भरपूर प्रयोग गर्न सफल भएको थियो । काप्राका बोटमुनि बीरबहादुरले देखाएको 'आफू हुँदा ठीक, अरू हुँदा बेठीक' भन्ने लुरेले बुझेको भने थिएन ।

जता हावा लाग्छ उतै हल्लिन जान्ने बीरबहादुर र नानीदेखि सत्य बोल्ने लुरेले दुई/चार दिनमा नै के भक्ति गर्न सक्थ्यो र शक्तिको ! लुरेका हजुरबाले भन्थे, 'दरबार नपस्नु, खरानी नधस्नु' । अहिले दरबार पनि बस्नै पर्छ खरानी पनि धस्नै पर्छ । नत्र उही हो ताल । बाटोमा हिड्न पनि मुश्किल पर्छ ।

पहिले पो एउटा राजदरबार थियो । अहिले त दरबार नै दरबार छन् । दाहाल दरबार, देउवा दरवार, ओली दरबार, यादव दरबार, नेपाल दरबार । नगई हुँदै नहुने ! नगए पछि परिने । विचरा, लुरे दरबारतिर लागोस् । उता जिम्मेवारी पूरा गर्न पो लागोस् । यता गए उता छुट्ने, उता गए यता छुट्ने । धेरै बैगुनी । शक्तिका लागि मुखै हेर्दिनँ भनेर पनि लास्टा अँगालो नै मार्नुपर्ने ।

दुई/चार दिन बीरबहादुरको संगतले भक्तिगानमा हिँडेको लुरे फेरि उही लाइनमा आइसकेको छ । नानीदेखि लागेको बानी विचरा ! कसरी छुट्थ्यो र । कार्यालय गयो हाकिमको भक्ति, संगठनमा गयो नेताको भक्ति, काम गर्न हिँड्यो काम लगाउनेको भक्ति ! भक्ति गर्दा गर्दै विचरा लुरेका सकिने भो शक्ति ! शक्तिको भक्ति गर्नुपर्ने बेलामा भक्ति गर्दै शक्ति सकिएपछि के-के पाउँथ्यो र फल !

हिजो आज विद्यालयका मास्टरहरू संगठनका नेताहरूको भक्तिमा, प्रधानाध्यपक शिक्षाका हाकिमको भक्तिमा, कर्मचारीहरू गुट उपगुटका भक्तिमा, प्रशासकहरू शक्ति केन्द्रको भक्तिमा ठेकेदारहरू नेताको भक्तिमा । सबै भक्तिहरू धनको शक्तिमा । यही शक्ति र भक्तिका कारण लुरेले बीरबहादुरसँग सम्बन्ध बिच्छेद गरेको छ ।

किनकि, आज सम्बन्ध बिच्छेद पनि उही भक्तिका गाउँमा छ । उता श्रीमान् खाडीमा, यता श्रीमती अर्कैको रंगीन साडीमा भएपछि गाउँमा माल्दाइले भने जसरी नै सम्बन्ध बिच्छेद बढेको छ ।

त्यही भएर शक्तिको भक्ति अपरम्पार छ । सत्तामा पुग्नेलाई पनि शक्तिको भक्ति गाउनु परेको छ । नगाई त सुखै छैन । पद प्रतिष्ठा सबै शक्तिकै भक्तिमा अडिएको छ । त्यही भएर होला गठबन्धनको दिक्दारी भएर शक्ति पाउन आएकाहरू त्यही गठबन्धनसँग मितेरी लगाई भक्ति गाइदिएका छन् । कुरा एकातिर काम अर्कोतिर भएको छ । सत्ययुगमा महादेवले त भक्ति गान गर्ने गणेशलाई वोकेर हिडेँ भने अहिले कलियुगका शिवहरूले के बोकेर हिड्छन् त ?

कलियुगमा कर्म गर्नेहरूसँग डराउनु पर्ने लुरेले थाहा पाइसकेको छ । कलियुग त सुन तस्करहरूको हो । ब्याज असुल्नेहरूको हो । ठगी गर्न जान्ने, झूठो खेती गर्न जान्नेहरूका लागि फलिफाप नै हो । अरूलाई त पाएसम्म भित्ता पुऱ्याउने नै हो । बीरबहादुरहरूले त्यसै शक्तिको भक्ति गरेका होइनन् । आज बीरबहादुर त्यसै बीरबहादुर बनेको छैन । अनि लुरे सधैं मरन्च्याँसेभन्दा बाहिर आउन नसकेको पनि त्यही भएर होला । नभएको कुरा पनि हो भन्न नसक्ने लुरेहरूका लागि खाडी नै ठीक छ ।

बीरबहादुरहरूलाई यहींको राष्ट्रवाद ठीक छ । जसरी पनि, जहिले पनि, जति पनि, जोसुकैसँग पनि, जुनसुकै बेला पोलेरै भ्याउनु छ । शक्ति र भक्तिका सामु जोगी र भैंसी उस्तैउस्तै हुन् । शक्ति भक्तिसँग डराउने, भक्ति शक्तिसँग डराउने । दुवैको भूमिका उस्तै । कलियुगका छेपारे भगवान्हरू शक्तिविना पानीविनाको माछाजस्तै हुन्छन् । छट्पट-छट्पट भइ नै रहने स्तुतिगान भएन भने त निद्रा नै नलाग्ने ।

त्यही भएर नै होला लुरेहरू लाहुर पसे, बीरबहादुरहरू दरबार घुसे ! प्रसोसन खाउँ भक्ति गाउँ । सत्ता पाऊ, भक्ति गाउँ । यो, त्यो, ऊ, सबै आफ्नै बनाउँ तर वन्दना गर्दै भक्ति गाऊ । शक्ति देखाऊ । विनाभक्ति लुरेहरूको हुँदै हुँदैन शक्ति । त्यसैले आऊ, मिलेर गाउँ शक्तिको भक्ति !

# सुक्खा पहिरोले अवरुद्ध करिडोर सञ्चालनमा



**बागलुङ (प्रस)-** सुक्खा पहिरोका कारण शनिबार दिउँसोदेखि अवरुद्ध कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी खण्ड सञ्चालनमा आएको छ। करिडोर कालोपत्रको काम गरिरहेको कालिका कन्ट्रक्सनले पहिरो पन्छाएपछि सोमबारदेखि सडक सञ्चालन भएको हो।

कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका अनुसार बागलुङ र गुल्मी जिल्लाको सिमानामा पर्ने गुल्मीको कालीगण्डकी गाउँपालिका-६ बरलवाको भिरमा भीषण पहिरो खसेको थियो। सडक सञ्चालन भएसँगै लामो तथा छोटो दूरीका सवारी सञ्चालनमा आएका छन्।

पहिरोले बागलुङ-गुल्मी खण्डअन्तर्गत मालढुंगा-अर्वेनी सडक पूर्णरूपमा अवरुद्ध थियो। यसअघि फागुन ११ गते राति खसेको सुक्खा पहिरोका कारण करिडोर एक साता बन्द भएको थियो। बागलुङको मालढुंगादेखि गुल्मीको अर्बेनीसम्म ५४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ। शनिबारदेखि उक्त खण्डमा मालबाहक ट्रक अलपत्र परेका थिए। दुईतर्फी स्काभेटर प्रयोग गरेर चट्टान फोडेपछि सडक सञ्चालनमा आएको निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनका इञ्जिनियर छकबहादुर गुरुङले बताए।

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई अनुदान

**पर्वत-** सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ। उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आर्थिकरूपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन्।

आर्थिकरूपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाइ छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ।

उच्च शिक्षामा राम्रो विषय लिएर पढ्ने विद्यार्थीको संख्या न्यून हुँदै जाँदा मुलुकमा मात्र हैन पालिकामा पनि आवश्यक दक्ष जनशक्तिको अभाव भएपछि अनुदान नै दिएर पढाउन थालिएको हो। दक्ष जनशक्तिको उत्पादनका लागि उच्च शिक्षासम्म पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिका कार्यालयले जनाएको छ।

गाउँपालिकाले उच्च मावि र स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिने भएको हो। उच्च माविमा गणित, विज्ञान तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरूप वार्षिक ५० हजार रूपैयाँ उपलब्ध गराइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले जानकारी दिए। उनका अनुसार यस वर्ष विपन्न तथा जेहेन्दार छ जना विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइने छ।

विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुऱ्याउनका लागि मेडिकल, इञ्जिनियरिङ, कृषि र भेटेरीनरी विषयमा स्नातक तह अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने पराजुलीले बताए। 'यस्ता विद्यार्थीलाई वार्षिक एक लाख रूपैयाँ अनुदान उपलब्ध गराइने छ। जतिसुकै संख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिने छौं,' उनले भने।

आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षा लिनबाट वञ्चित नहोउन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए। उनका अनुसार गाउँपालिकाले गत आइतबार सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ।

अहिले पनि गाउँपालिकामा कृषि, पशु, स्वास्थ्यसम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको भन्दै यी विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक एक-एक लाख रूपैयाँका दरले चार वर्षसम्म अनुदान दिइने अध्यक्ष भुसालले जानकारी दिए।

पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको भन्दै पटकपटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न नसकिएको अध्यक्ष भुसालको भनाइ छ। 'पालिकाभित्रबाट उच्च शिक्षा पढ्ने विद्यार्थीलाई चार वर्षसम्म सहयोग गर्नेछौं। उक्त कार्यक्रम दक्ष जनशक्ति उत्पादन गर्न लागू गरिएको हो,' उनले भने।

उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको गाउँपालिकाका अध्यक्ष भुसालले बताए। यस्तो अनुदानले विद्यार्थीलाई मासिक शुल्क भुक्तानी र स्टेसनरी खरिद लगायतमा सहजता हुने अपेक्षा पालिकाको छ।

पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ। पालिकाका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पनि पठनपाठन थालिएसँगै विद्यार्थीको संख्या बढ्दै गएको छ। जिल्लाका सात पालिकामध्ये निजी विद्यालय नभएको महाशिला मात्रै रहेको अध्यक्ष भुसालले बताए। *रासस*

# रूसी सेनामा भर्ना भएका आठजना सम्पर्कविहीन

**डुम्रे (तनहुँ)-** भ्रमण (भिजिट) भिसामा गएर रुसी सेनामा भर्ना भएका तनहुँका आठजना सम्पर्कविहीन भएका छन्। व्यास नगरपालिकाका तीन, देवघाट गाउँपालिकाका एक, भानु नगरपालिकाका दुई, शुक्लागण्डकी नगरपालिकाका एक र म्याग्दे गाउँपालिकाका एक गरी आठ युवा सम्पर्कविहीन भएका हुन्।

भिजिट भिसामार्फत रुसी सेनामा गएका तनहुँका आठ युवा सम्पर्कविहीन भएपछि खोजी दिन पीडितका परिवारले माग गरेका छन्। खोजीका लागि परिवारले निवेदन दिएका छन्। सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तनहुँकी कार्यक्रम संयोजक लुना रानाले रुसी सेनामा भर्ना हुन गएका सात र युक्रेनमा भर्ना हुन गएका एक गरी आठ युवा सम्पर्कविहीन भएपछि खोजीका लागि परिवारजनले निवेदन दिएको जानकारी दिइन्।

उनले भनिन्, 'व्यास, देवघाट, भानु, शुक्लागण्डकीका सात जना रुसी सेनामा भर्ना हुन जाँदा बेपत्ता भएको र म्यादेका एक जना युक्रेनी सेनामा भर्ना हुन जाँदा सम्पर्कविहीन भएको भन्दै खोजी दिन उनहरूको परिवारजनले निवेदन दिनुभएको छ। उहाँहरूको खोजीका लागि प्रयास गर्ने हो।' परिवारसँग नै सम्पर्कविहीन भएका व्यक्तिका परिवारजनले खोजी तथा उद्धारको मागसहित यहाँ निवेदन दिएको उनले बताइन्।

'रुसमा दूतावास भएको भए सहजरूपमा खोजी तथा उद्धारका लागि कागजात पठाउने थियौं। तर, प्रत्यक्ष काम गर्न नपाउँदा सहजचाहिँ छैन। दूतावास नभएकाले खोजीका लागि कन्सुलर विभागलाई पठाएका छौं। खोजतलासीमै छौं प्रक्रियामा नै रहेका छौं भन्ने जवाफ आउने गरेको छ।' गैरकानुनी रूपमा गएकाले पूर्णरूपमा काम गर्न सहज नभएको उनले बताइन्।

आप्रवास स्रोत केन्द्रकी परामर्शदाता गोमा तिवारीले सम्पर्कविहीन भएका व्यक्तिलाई छिटोभन्दा छिटो नेपाल झिकाइ पाउँ भनेर निवेदन दिएको बताइन्। सम्पर्कविहीन भएका व्यक्तिको खोजीका लागि कन्सुलर विभागमा व्यक्तिको कागजातसहितका सम्पूर्ण कागजात पठाइसकिएको तिवारीले बताइन्।

रुसमा बेपत्ता भएका व्यक्तिको खोजीका निम्ति पहल भइरहेको उनले सुनाइन्। युक्रेनमा सम्पर्कविहीन भएका व्यक्तिको त्यहीँ दूतावास नभएकाले रुसी कन्सुलर विभागमार्फत नै खोजी कार्य भइरहेको आप्रवासी स्रोत केन्द्रले जनाएको छ। *रासस*


# Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## Invitation for Electronioc Bids

### Invitation for Electronic Bids for the Bituminous Premix Carpet Works Of Melchaur chilaune Kadambas Bhaise Road Sector, Package-II, CSGM-9

**Contract Identification No: CSGM/NCB/WORKS-18/2080/81**

**First Date of publication: 2080/11/29 (12th Mar 2024)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB /WORKS-18-/2080/081 | Bituminous Premix Carpet Works Of Melchaur chilaune Kadambas Bhaise Road Sector, Package-II, CSGM-9 | Rs. 51,77,756.77 | Rs. 1,47,000.00 | Rs. 3,000.00 | 2080/12/29 (11th April 2024) at 12:00 hrs | 2080/12/29 (11th April 2024) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited, Chautara Branch
   **Name of Office:** Chautara Sangachokgadhi Municipality
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee):** 05703000001001000001
   **Dharauti Khata No.:** 05703000003000000001
   **Office Code No.:** 801032701
   **Rajaswa (revenue) Shirshak no.:** 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara ,Sindhupalchok at 2080/12/18 (31th Mar 2024) on 13:00 hrs.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 1,47,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

***Chief Administrative Officer***
***Chautara Sangachokgadhi Municipality***

# प्रभाव दैनिक

मंगलबार २९, फागुन २०८० (Tuesday, March 12, 2024)


रूपशाला

## बद्री बहादुरको 'पुलिस दाइ' सार्वजनिक

आगामी चैत्र २३ गतेबाट प्रदर्शनमा आउने फिल्म 'बद्री बहादुर'को गीत 'पुलिस दाइ' सार्वजनिक भएको छ । सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच गीत रिलिज गरिएको हो । सार्वजनिक गीतमा अभिनेत्री पूजा शर्मा, अभिनेता सलोन बस्नेतको साथमा फिल्मका मुख्य कलाकार जयकिसन बस्नेत, राजिव बस्नेत र छुल्टिम गुरूङलाई फिचर्ड गरिएको छ । पूजा र सलोन फिल्मको यही गीतमा मात्रै देखिनेछन् । उनीहरूले फिल्ममा विशेष भुमिका निर्वाह गरेका छन् । गीतमा शिवम अधिकारीको शब्द, टंक बुढाथोकीको संगीत तथा संगीतकार बुढाथोकी र मिलन नेवारको स्वर सुन्न सकिन्छ । शिव विकको कोरियोग्राफी रहेको गीतमा विनोद सापकोटाको छायांकन छ ।



# लामाको 'स्मृतिका विम्बहरु' विमोचन




■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार राम लामा 'अविनाशी'द्वारा लिखित नियात्रासङ्ग्रह 'स्मृतिका बिम्बहरू' विमोचन गरिएको छ । लामो समयदेखि प्रवासमा रहेर नेपाली साहित्य क्षेत्रको विकासमा क्रियाशील अविनाशीद्वारा लिखित उक्त कृतिको आयोजित कार्यक्रममा प्रा डा खगेन्द्रप्रसाद लुइँटेलले विमोचन गरे ।

यसअघि 'पिल्सिएको परदेशी मन' र 'सुगन्धित माटो' कृति लेखिसक्नुभएका साहित्यकार अविनाशीको आज विमोचन गरिएको नियात्रासङ्ग्रह तेस्रो कृति हो । उक्त कृतिमा विभिन्न देशका विभिन्न व्यक्ति र घटनाहरूसँग सम्बद्ध रोचक संस्मरण सङ्ग्रहित छन् । साहित्यकार लामाका मेरो बदनाम गर्न खोज्यौ, चङ्गा सरी, काठमाडौं सहर, म तिम्रो परदेशी, आफ्नो बन्न नसकेको, विरक्तिँदा खानी खोश्री, आफू गयौं नेटो काटी, सिक्किमेली नानी, बारुले कम्मर, मिलिजुली, क्यायौं कुन्नी जस्ता आधुनिक गीतहरू श्रव्यदृश्य प्रकाशित भइसकेका छन् ।

सुरभी साहित्य प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा बोल्दै प्रा डा लुइँटेलले नेपाली साहित्य क्षेत्रको विकासमा राम लामाले खेलेको भूमिका सराहनीय रहेको बताए ।

'आफ्नो व्यापार व्यवसायबाट आम्दानी गरेको रकम साहित्य क्षेत्रमा लगानी गर्नु नेपाली साहित्य क्षेत्रका लागि गर्वको कुरा हो', उनले भने । उक्त कृतिमा आप्रवासको झल्को पाइएको उनको भनाइ थियो । प्रा. डा. लुइँटेलले कृति सरल र पठनीय रहेको उल्लेख गरे ।

पुस्तकको समीक्षा गर्दै नेपाल सरकारका पूर्वसचिव एवं समालोचक गोपी मैनालीले प्रवासमा रहेर नेपाली साहित्य, सङ्गीत र समाज सेवामा समर्पित व्यक्ति साहित्यकार लामा भएको बताए । साहित्य मनका वेदना पोख्न लेखिने गरेको उनको भनाइ छ । 'पुस्तकमा विभिन्न क्षेत्रको वर्णन गरिएको छ, पुस्तक घटना, कथा, आख्यान, यात्रा सबैलाई समेटेको छ, उक्त कृति म पात्रमा आधारित भएर लेखिएको छ', उनले भने ।

व्यवसायका साथ सिर्जना गर्ने, यात्राका साथ जीवन खोज्ने, जीवनको सार्थकता सेवा र समर्पणमा देख्ने र सबै परिवेशमा नेपाली पहिचान खोज्ने प्रवृत्तिले उनलाई छुट्टै पहिचानमा उल्लेख गरेको समालोचक मैनालीले बताए । उनले पुस्तकको भाषाशैली सरल रहेको बताए ।

वरिष्ठ समालोचक एवम् पूर्वप्रशासक युवराज मैनालीले स्मृतिका बिम्बहरू विमोचनसँगै नेपाली साहित्यमा नयाँ इँटा थपिएको बताए । लेखकको मन नेपालमा र भौतिक शरीर अमेरिकामा भएको उनको भनाइ थियो । समालोचक मैनालीले किताब सरल र सहज भएको बताए । उनले कृति पठनीय भएको उल्लेख गरे ।

वरिष्ठ समालोचक लीला लुइँटेलले संस्मरण लेख्ने काम सारै गाह्रो भएको भन्दै नयाँ कृतिका लागि लेखकलाई धन्यवाद दिए । पछिल्लो समय संस्करण लेख्ने चलन फस्टाउँदै गएको उनको भनाइ थियो । सुरभी साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुराम पौडेल, वरिष्ठ पत्रकार एवं साहित्यकार विजय चालिसे, वरिष्ठ पत्रकार प्रदीप चापागाइँ, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, नेपाल चलचित्र क्षेत्रका निर्देशक आकाश अधिकारी, वरिष्ठ पत्रकार तारा बराल, लेखक केनी पाण्डेलगायतले प्रवासमा बसेर नेपाली साहित्य क्षेत्रको विकासमा साहित्यकार अविनाशीले पुऱ्याएको योगदान सबैका लागि उदाहरणीय रहेको बताएका थिए ।

साहित्यकार लामाले डा एपिजे अब्दुल कलाम इन्टरनेशनल अवार्ड २०२२, रारा राष्ट्रिय म्युजिक अवार्ड २०२२, हिमालयन इन्टरनेशनल जुरी अवार्ड २०२३ लगायतका उत्कृष्ट अवार्ड तथा सम्मानपत्र र पुरस्कार प्राप्त गरिसकेका छन् । उनले अनेसास राम लामा अविनाशी विशिष्ट प्रतिभा पुरस्कार तथा कविडाँडा अविनाशी उत्कृष्ट पुरस्कारको प्रायोजन समेत गरेका छन् ।

## बनेपाका दर्शकसँग 'उपहार'की पूजा

**काठमाडौं (प्रस)–** शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'उपहार'ले सोमबार बनेपाको शुभकामना हलमा हाउसफूल व्यापार गरेको छ । फिल्मका निर्देशक ज्ञानेन्द्र देउजा, अभिनेत्री पूजा शर्मा, वितरक करण श्रेष्ठ 'क्रेजी' र कलाकार अंशु थापाको टोली उक्त हल पुगेको थियो ।

अभिनेत्री पूजा शर्मा फिल्म रिलिज भएपछि हरेक दिन दर्शकको प्रतिक्रिया बुझ्न हल-हल पुगिरहेकी छन् । यही क्रमलाई निरन्तरता दिँदै उनी सोमबार फिल्मको टिमसहित बनेपाको शुभकामना हल पुगेकी हुन् ।

शुक्रबार र शनिबार उपत्यकाका हलमा दर्शकमाझ अन्तरक्रिया गरेकी पूजा सोमबार बनेपा पुगेकी हुन् । शुभकामना हलका सञ्चालक दुर्गा प्रधानले सोमबार फिल्म राम्रो चलेको बताए । फिल्मको टिम नै हलमा आएपछि हलमा अझ अकुपेन्सी बढ्नेमा आफू ढुक्क रहेको दाबी गरे ।

फिल्ममा रेखा थापा, पुजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग काकी, सुष्मा काकी, शिशिर राणा, राजाराम पौडेल, किरण केसी, अंशु महर्जन, विनोद पौडेल, आशा भुषाल, शोभारस घिमिरे, मन्जु श्रेष्ठ, कमल भट्ट, राइडर प्रशान्त र सरिता राजोपाध्यायलगायतको अभिनय छ ।

बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन् । फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

रंगशाला

झापा गोल्डकप

# सशस्त्रलाई हराउँदै चर्च ब्वाइज च्याम्पियन

■ प्रभाव संवाददाता

**बिर्तामोड –** बिर्तामोडमा जारी झापा गोल्डकपको उपाधि चर्च ब्वाइज युनाइटेड झापाले हात पारेको छ । सोमबार भएको फाइनल खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफलाई ३-० गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइज प्रतियोगिताको नयाँ च्याम्पियन बनेको हो ।

ब्वाइजको जितमा फकुन्लेले दुई तथा राजेश परियारले एक गोल गरे । चर्च ब्वाइजले उपाधि सहित १३ लाख रूपैयाँ प्राप्त गरेको छ । पहिलो पटक च्याम्पियन बन्ने लक्ष्य राखेको एपीएफ भने उपविजेता बन्दै सात लाखमा चित्त बुझाउन बाध्य भयो ।

खेलको १२औं मिनेटमा फकुन्लेले पहिलो गोल गरे । गोलकिपर एन्जल श्रेष्ठ अगाडि बढेको अवस्थामा फकुन्लेले चलाखीपूर्ण रूपमा गोल गर्न सफल भएका हुन् । दोस्रो गोल ७२ औं मिनेटमा फकुन्लेले नै गरे । मध्यभागबाट बल अगाडि बढाउँदै फकुन्लेले गोलकिपर एन्जललाई बिट गरेर सुन्दर गोल गरेका हुन् । तेस्रो गोल ८७ औं मिनेटमा सम्भव भयो । वैकल्पिक खेलाडी राजेश परियारले तेस्रो गोल गरे । विजय भुजेलको स्थानमा मैदान प्रवेश गरेका राजेशले फकुन्लेको सुन्दर पासमा गोल गरेका हुन् । विभागीय टोली एपीएफले फाइनलमा भने आशा अनुसारको प्रदर्शन गर्न सकेनन् ।




यसअघि खेलमा एपीएफले केही अवसर बनाए पनि सदुपयोग गर्न सकेन । १८ औं मिनेटमा एपीएफका फोडे फोफानाको पासमा अनिश महर्जन गोल गर्न चुके । पहिलो हाफको इन्जुरी समयमा फोडेकै प्रहार चर्च ब्वाइजका कप्तान दीप कार्कीले पञ्च गरे । खेलको ८१ औं मिनेटमा एपीएफका विदेशी खेलाडी आन्द्रे थेरी वियिक वियिकको फ्रिकिक गोलकिपर दीपले पञ्च गर्दै क्लिन सिट राख्न सफल भए ।

चर्च ब्वाइजले केही अवसर बनाएपछि थप गोल गर्न सकेन । ३१ औं मिनेटमा विकु राईले हानेको प्रहार एपीएफ गोलकिपर एञ्जल श्रेष्ठले बचाए । ७२ औं मिनेटमा विजय भुजेलले गोलकिपर एञ्जल बिट गरेको अवस्थामा पनि गोल गर्न चुकेका थिए ।

खेलको म्यान अफ द म्याच बिजेता टिम चर्च ब्वाइजका सुरजज्यू ठकुरी भए । उनले नगद ११ हजार रूपैयाँ पुरस्कार पाए ।

फागुन १९ गतेदेखि सुरु भएको छैटौं झापा गोल्डकपमा नेपालका ९ डिभिजनसहित १० टिमको सहभागिता रहेको थियो । विधागत पुरस्कारमा पनि चर्च ब्वाइजको वर्चस्व रह्यो । चर्च ब्वाइजका दीप कार्की उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर चर्च ब्वाइजका सर्ज डिका, उत्कृष्ट फरवार्डसँगै उच्च गोलकर्ताको पुरस्कार अवयोमी फकुन्लेले पाए ।

एपीएफका शरण बस्नेत उत्कृष्ट मिडफिल्डर भए । यस्तै, उत्कृष्ट प्रशिक्षक चर्च ब्वाइजका अध्यक्ष रुवेन राई भए । उदयमान खेलाडी झापा ११ का कप्तान पेमा तामाङ भए । उनीहरूले जनही नगद २५ हजार पुरस्कार पाए ।

गोल्डकपको उत्कृष्ट खेलाडी चर्च ब्वाइजका डिफेण्डर सञ्जित राई भए । उनले एक थान यामाहा कम्पनीको मोटरसाइकल प्राप्त गरे । विजेता तथा उपविजेता टिम र खेलाडीलाई प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य विश्वप्रकाश शर्मा, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंशराज वाग्ले लगायतले नगद, ट्रफी तथा मेडल प्रदान गरेका थिए ।

# एक्स्ट्राटेक लिजेन्ड कपको उपाधि २०१४ विश्वकपलाई

■ प्रभाव संवाददाता

**काठमाडौं –** पारस खड्का नेतृत्वको २०१४ विश्वकप लिजेन्ड्सले रूपन्देहीको तिलोत्तमामा निर्माण गरिएको एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा जारी 'एक्स्ट्राटेक लिजेन्ड कप' को उपाधि जितेको छ ।

फाइनल खेलमा २०१४ विश्वकप लिजेन्ड्सले रेस्ट अफ नेपाललाई १७ रनले पराजित गर्दै उपाधि जितेको हो ।

२०१४ विश्वकप लिजेन्ड्सले दिएको १०२ रनको लक्ष्य पछ्याएको रेस्ट अफ नेपालले १० ओभरमा ९ विकेट गुमाउदै ८४ रन मात्र बनाएपछि २०१४ विश्वकप लिजेन्ड्सले १७ रनले खेल जितेको हो ।



यस अघि पहिला ब्याटिंग गर्दै २०१४ विश्वकप लिजेन्ड्स टिमले १० ओभरमा ७ विकेट गुमाउदै १०१ रन बनाएको थियो ।

२०१४ विश्वकप लिजेन्ड्सका लागि कप्तान पारस खड्काले आक्रामक ब्याटिंग गर्दै १२ बलमा ३९ रन बनाएर आउट भएका थिए । त्यस्तै विरेन्द्र शाहले २९, प्रफुल्ल वैद्यले १३ रन बनाएका थिए ।

त्यस्तै रेस्ट अफ नेपालका लागि लाक्पा लामाले ४ विकेट लिएका थिए भने राजकुमार प्रधान र दिपेन्द्र चौधरीले एक एक विकेट लिएका थिए । यसअघि सम्पन्न खेलमा रेस्ट अफ नेपालले रूपन्देही लिजेण्डसलाई १६ रनले पराजित गर्दै फाइनलमा पुगेको थियो भने २०१४ विश्वकप लिजेन्ड्सले लिजेन्ड्स ९६ लाइ ५ विकेटले पराजित गरेर फाइनलमा पुगेको थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAAD ARABIAN CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/११/२७ LT. No. 301415 चलानी नं.६०२१६२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५२,८७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 1 | 0 | 1000 | ३५,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ६ गते (19th Mar. 2024) मा हुनेछ ।

